रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

च.नं. ३९६
प.सं.२०८१/०८२

V9F8+RM

मितिः२०८१/०६/१४
ने.सं. ११४४ ञलागा १३ सोमवार

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धि सूचना।

श्री जो जस सँग सम्बन्धित छ।

यस गाउँपालिका वडा नं. ३ अन्तर्गत श्री जनप्रिय आधारभूत विद्यालयमा रिक्त रहेको आधारभूत तह (कक्षा १-५), तृतिय श्रेणी, स्थायी शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडी बढाइदिन भनी विद्यालयको च.नं २९ मिति २०८१/०६/१४ को पत्र बाट अनुरोध भई आएकोले सम्बन्धित तहका योग्यता पुगेका स्थायी शिक्षकहरु बाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्चः

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना janapriya7008@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन।

कृष्ण प्रसाद तिमिल्सिना
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः
श्री शिक्षा तथा मानवस्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर।
श्री शिक्षा विकास तथा समन्वय इकाई, तानसेन, पाल्पा।
श्री जनप्रिय आधारभूत विद्यालय, रैनादेवी छहरा-३, पाल्पा।